मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन १० गते विहीबार (Thursday, 25 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## मानव बेचबिखनमा संलग्न युट्युबर पक्राउ

**झापा, साउन ९।** मानव बेचबिखनमा संलग्न एक जना युट्युबर पक्राउ परेका छन् । मानव बेचबिखन अनुसन्धान व्युरोले २० वर्षीय युट्युबर कुशल खरेललाई मानव बेचबिखनको आरोपमा पक्राउ गरेको हो ।

आर्थिक अवस्था कमजोर भएका बालिकाहरूलाई होटलमा वेटरको काम लगाई दिने प्रलोभन देखाएर खरेलले ग्राहकहरूसँग बस्न लगाएको प्रहरी अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ । भक्तपुरको जडिबुटीमा सञ्चालित सिन्धुली होटल ढिँडो सर्भिस एण्ड गेस्ट हाउसमा काम लगाइदिने भन्दै खरेलले

(बाँकी अन्तिम पृष्ठमा)

## कोशीमा नौ हजारअपराधका मुद्दा



**झापा, साउन ९।** कोशी प्रदेशमा गत आर्थिक वर्षमा विभिन्न अपराधका नौ हजार तीन सय ८७ मुद्दा दर्ता भएका छन् । प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार सबैभन्दा बढी एक हजार पाँच सय ७४ सामाजिक अपराधका मुद्दा दर्ता भएका छन् ।

कार्यालयका प्रवक्ता भीमबहादुर दाहालले गत आवमा आत्महत्याका एक हजार पाँच सय ५४, लागूऔषधका एक हजार २९, बैंङ्किङ कसुरका एक हजार चार, चोरी तथा डकैतीका सात सय ५३, जबरर्जस्ती करणीका पाँच सय १७, ठगीका दुई सय ८५ र कर्तव्य ज्यानका एक सय १६ वटा मुद्दा दर्ता भएका जानकारी दिए ।

उनका अनुसार जबरर्जस्ती करणी उद्योगमा एक सय १३, कीर्ते सम्बन्धी ४४, साइबर अपराधका २४, मानव बेचबिखन ११ र अन्य दुई हजार तीन सय ५३ मुद्दा दर्ता भएका छन् । प्रहरीले एक वर्षको अवधिमा दुई हजार तीन सय ८५ जना फरार अपराधी पक्राउ गरी रु. ८६ करोड ४८ लाख २९ हजार चार सय २९ राजश्व संकलन गरेको प्रवक्ता दाहालले जानकारी दिए । सोही अवधिमा प्रहरीले १४ वटै जिल्लाबाट १० हजार चार सय २० किलो गाँजा बरामद गरेको जनाएको छ । साथै पाँच हजार दुई सय १० रोपनी लगाइएको गाँजाखेती नष्ट गरिएको छ ।

तीन केजी आठ सय ८० ग्राम ब्राउन सुगर, ८६ ग्राम चरेस, विभिन्न मनोद्वीपक चक्की ७८ हजार तीन सय ३८ वटा, मनोद्वीपक सुई सात हजार तीन सय ८७ एम्पुल र मनोद्वीपक पदार्थ दुई सय २६ बोतल बरामद गरी नष्ट गरिएको प्रवक्ता दाहालले बताए । प्रहरीले गत आर्थिक वर्षमा भन्सार चोरी तस्करीका सामान नियन्त्रण गरी रु. १२ करोड, ३८ लाख ११ हजार दुई सय १६, प्राकृतिक सम्पदा नदीजन्य पदार्थ दोहन नियन्त्रणबाट रु. ४४ लाख १९ हजार एक सय ३५ र अवैध वन पैदावर नियन्त्रणमार्फत रु. ८० लाख ९७ हजार एक सय ६५ राजश्व सङ्कलन गरेको जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## सौर्य एयरको विमान दुर्घटना

# १८ यात्रुको निधन



**काठमाडौँ, साउन ९।** काठमाडौँबाट पोखरातर्फ प्रस्थान गर्ने क्रममा सौर्य एयरको ९ एन एएमई जहाज दुर्घटना हुँदा विमानमा सवार १८ जनाको निधन भएको छ । उक्त जहाज उड्ने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'रन वे' पूर्वतर्फको खाल्डोमा खसेको थियो ।

विमानमा सवार १८ जनाको शव यत्रतत्र छरिएर रहेका अवस्थामा सङ्कलन गरिएको विमानस्थल सुरक्षार्थ खटिएका वरिष्ठ प्रहरी उपरीक्षक डम्बर विकले जानकारी दिए । प्रहरी उपरीक्षक विकका अनुसार सो विमानका चालक दलका एक सदस्यलाई जीवितै उद्धार गरिएको छ ।

सौर्य एयरको जहाज मर्मतका लागि कर्मचारी र प्राविधिक लिएर पोखरा जाँदै गरेको उक्त विमान दुर्घटनामा परेको हो । सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा मृत्यु भएकामध्ये तीनजना एकै परिवारका सदस्य भएको खुलेको छ । एयरलाइन्सका प्राविधिक मनुराज शर्मा, शर्माकी श्रीमती प्रिजा खतिवडा र छोरा अधिराज शर्माको दुर्घटनामा ज्यान गएको हो ।

आफू पोखरा जाने भएपछि शर्माले श्रीमती र छोरालाई पनिसँगै लगेका बुझिएको छ । पत्रकार

(बाँकी अन्तिम पृष्ठमा)

## बिमान दुर्घटनाको इतिहास

काठमाडौंको त्रिभुवन विमानस्थलमा बुधबार सौर्य एअरलाइन्सको विमान दुर्घटना भयो । विगत १९ महिनामा नेपालको आन्तरिक उडानमा भएको यो तेस्रो दुर्घटना हो । २०७९ सालको माघ १ गते पोखरामा यति एअरलाइन्सको एटीआर विमान र २०८० सालको जेठमा पोखराबाट जोमसो जाँदै गरेको विमान म्याग्दी र मुस्ताङको सिमानामा दुर्घटना भएको थियो । सौर्यको विमान दुर्घटनासँगै ७० वर्षमा नेपालमा नेपाली आकाशमा १५१औं दुर्घटना हो ।

नेपालमा विमान दुर्घटनाको इतिहास पल्टाउने हो पहिलो पटक २०१२ साल वैशाखमा पहिलो पटक सिमरामा भारतको कलिंगा एयर दुर्घटना भएको थियो । अन्तर्राष्ट्रिय उडानको कालिंगा एयरको भीटी-एजेटएक्स डीसी-३ जहाज बाराको सिमरामा दुर्घटना भएको थियो । यो नै नेपाली भूमिमा भएको पहिलो जहाज दुर्घटना थियो । त्यो दुर्घटनामा दुई जनाले ज्यान गुमाएका थिए भने एक जना घाइते भएका थिए । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार बुधबार सौर्य एअरलाइन्सको विमान दुर्घटना भएसँगै नेपालमा भएको यो १५१ औं दुर्घटना हो ।

हालसम्म भएका दुर्घटनामा एक इन्जिनयुक्त, आठ वटा दुर्घटना भएको तथ्यांक छ । हेलिकप्टरतर्फ ३६ र विदेशी एअरलाइन्सतर्फ १० वटा विमान दुर्घटना भएका छन् । सौर्य एअरलाइन्सको दुर्घटना समेत जोड्दा हवाई दुर्घटनामा ९ सय ३९ को मृत्यु भइसकेको छ । २०७९ साल जेठमा जोमसोमका लागि १९ जना यात्रु बोकेर पोखराबाट उडेको तारा एयरको ट्विनअटर विमान दुर्घटनाग्रस्त हुँदा सबैको मृत्यु भएको थियो ।

आन्तरिकतर्फ ४७ वटा जहाज दुर्घटना भएका छन् । यसबाहेक ३१ वटा हेलिकोप्टर र सात वटा अन्तर्राष्ट्रिय उडानका जहाज दुर्घटना भएको रेकर्ड छ । नेपाली आकाशमा भएको सबैभन्दा ठूलो जहाज दुर्घटना सन् १९९२ मा ललितपुरको भट्टेडाँडामा पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पीआईए)को जहाज दुर्घटना हो । त्यो जहाज दुर्घटनामा १५७ जना यात्रुले ज्यान गुमाएका थिए । त्यही वर्ष नुवाकोटको घ्याङफेदीका भएको थाई एयरवेजको जहाज दुर्घटनामा ११३ जनाको मृत्यु भएको थियो ।

आन्तरिक उडानतर्फ सन् २००० मा डडेल्धुरामा भएको नेपाल एयरलाईन्सको डीएचसी जहाज दुर्घटनामा २५ जनाको मृत्यु भएको थियो । सन् २०१६ मा म्याग्दीमा भएको तारा एयरको जहाज दुर्घटनामा २३ जनाको मृत्यु, सन् २०१० मा ओखलढुंगामा भएको तारा एयरकै जहाज दुर्घटनामा २२ जनाको मृत्यु र सन् २०१२ मा

(बाँकी अन्तिम पृष्ठमा)

## धान खेतमा एक जना मृत फेला

**झापा, साउन ९।** झापा अर्जुनधारा नगरपालिका वडा नम्बर -१ सिस्नेस्थित होम अधिकारीको धान खेतमा एक जना ब्यक्ति मृत फेला परेका छन् ।

इलामको माई नगरपालिका वडा नम्बर -३ घर भई हाल अर्जुनधारा नगरपालिका वडा नम्बर १ स्थित दिदी भिनाजुको घरमा बस्दै आएका अन्दाजी ४० बर्षीय टीकाबहादुर लावती रहेका छन् । अर्जुनधारा-१ का वडाध्यक्ष उपेन्द्र बस्नेतले एक जना पुरुष घोप्टो परी मृत अवस्थामा रहेको प्रहरीलाई टेलिफोनमार्फत जानकारी गराएका थिए ।

जानकारी पाउना साथ प्रहरी चौकी शनिश्चरेको प्रहरी टोली घटनास्थल पुगेर घटनास्थल सुरक्षित गरेको थियो । अनुसन्धान तथा कानूनी प्रकृयाको

(बाँकी अन्तिम पृष्ठमा)

## विवादित व्यक्तिलाई सार्वजनिक पदमा नियुक्ति नगर्न निर्देशन

**झापा, साउन ९।** विवादित व्यक्तिहरुलाई सार्वजनिक पदमा नियुक्ति नगर्न राष्ट्रिय मानव अधिकार आयोगले निर्देशन दिएको छ ।

सरकार, संवैधानिक परिषद् तथा राज्यका विभिन्न जिम्मेवार तहमा फौजदारीलगायत अभियोग लागेका, राज्यको कारबाही तथा छानबिन प्रक्रियामा रहेका विवादित व्यक्तिहरुलाई नियुक्ति सिफारिस र नियुक्ति गर्ने क्रम रहेको देखिएको भन्दै आयोगले बुधबार यस्तो निर्देशन दिएको हो ।

हालै संवैधानिक परिषद्ले यौन शोषणको आरोप लागेका कृष्णमान प्रधानलाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ । बुधबार मात्रै लुम्बिनीमा ज्यान मार्ने अभियोग लागेका नेपाली कांग्रेसका नेता बादशाह कुर्मी मन्त्री बनेका छन् ।

आयोगले राज्यका निकायमा नियुक्ति हुने व्यक्तिहरु सामाजिक रुपमा स्वच्छ छवि भएको, विवादरहीत, उच्च नैतिक चरित्र भएको र कानूनी रुपमा फौजदारी अभियोगमा सजाय नभएको हुनुपर्दछ भन्ने लोकतन्त्रको आधारभूत मान्यता, सभ्य समाजको अपेक्षा र सार्वजनिक सरोकारको विषय भएको स्मरण गराएको छ । पदीय जिम्मेवारी अनुसारको योग्यता र क्षमता वस्तुगत आधारमा यकिन गरेर मात्र योग्यतम व्यक्तिलाई राज्यका निकायमा नियुक्त गर्नुपर्दछ भनी सर्वोच्च अदालतबाट (ने.का.प. २०७३ फागुन, भाग ५८, निर्णय नं. ९७१०) मा परमादेश समेत जारी भएको छ ।

सामाजिक र कानूनी रुपमा विवादित व्यक्तिहरुलाई नियुक्त गर्ने कार्य कानूनी शासनको विपरीत हुने र यसबाट दण्डहीनतालाई प्रश्रय पुग्नुका साथै राज्यका निकायप्रति आमनागरिकको भरोसा समेत टुट्न जान्छ, -आयोगका प्रवक्ता टीकाराम पोखरेलले विज्ञप्तिमार्फत् भनेका छन्, -लोकतन्त्रको भावना र संविधानको मर्म विपरीत हुने गरी विभिन्न विषयमा विवादमा आएका व्यक्तिहरुलाई सार्वजनिक निकायमा नियुक्ति नगर्न/नगराउन आयोग नेपाल सरकारलगायत सम्बन्धित निकायलाई निर्देशन गर्दछ ।

## एक वर्षमा पाथीभरामा चार करोड भेटी

**ताप्लेजुङ, साउन ९।** यहाँ रहेको प्रसिद्ध धार्मिकस्थल पाथीभरामा एक वर्षको अवधिमा करिब रु. चार करोड भेटी सङ्कलन भएको छ । स्वदेश तथा विदेशबाट मन्दिर दर्शनका लागि यहाँ आउने भक्तजनले भेटीका रुपमा चढाएको उक्त रकम सङ्कलन गरिएको हो ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्वाङका अनुसार साउन, भदौ, असोज, कात्तिक र मंसीरमा मात्रै रु. एक करोड छ लाख ४३ हजार एक सय ७२ भेटी सङ्कलन भएको थियो । पुसमा रु. ३५ लाख २९ हजार, माघमा रु. २४ लाख एक हजार पाँच सय र फागुनमा रु. ५५ लाख ६० हजार आठ सय ८० भेटी सङ्कलन भएको समितिले जनाएको छ ।

पाथीभरामा मुख्य पूजापाठ चैते दशैंको समयमा हुने भएकाले उक्त समयमा भक्तजनको घुइँचो लाग्ने गरेको निर्देशक हाङ्वाङले बताए । चैतमा मात्र रु. ७५ लाख सात हजार एक सय ५० भेटी सङ्कलन भएको उनले जानकारी दिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## मोबाइल हेर्ने बानी हटाउन सङ्गीत कक्षा

**रामपुर साउन ९।** अहिले बालबालिकाले मोबाइलमा बढी समय व्यतित गर्न थालेका छन् । उनीहरु समय मिल्नासाथ मोबाइलमा झुम्मिन्छन् । बालबालिका मोबाइलप्रति आकर्षित हुन थालेपछि उनीहरुको बानी ब्रिगन्छ कि भनेर अभिभावक चिन्तित बनेका छन् । आफ्ना बालबालिकालाई मोबाइल हेर्ने बानी कसरी हटाउने भन्ने चिन्ता अभिभावकमा देखिन्छ । धेरैले यो बानी हटाउने उपाय खोजिरहेका छन् । तर, हटाउन भने नसकिरहेको अभिभावकहरु बताउँछन् ।

शैक्षिक क्षेत्रमा रचनात्मक क्रियाकलाप गराउँदै आएको पाल्पा रामपुरको एउटा विद्यालयले भने नयाँ अभ्यास शुरु गरेको छ । बालबालिकालाई मोबाइलमा व्यस्त रहने बानी हटाउन विद्यालयले साङ्गीतिक कक्षाको शुरुवात गरेको छ । रामपुर नगरपालिका-५ स्थित रामपुर आधारभूत विद्यालय अहिले सङ्गीतमय हुन थालेको छ । विद्यालयले



शुरुवात गरेको सङ्गीत कक्षाले विद्यार्थी, अभिभावक मात्र नभइ. समुदायका अन्य विद्यालय, सरोकारवालाको ध्यानसमेत तानिरहेको छ । यहाँ बिहानको समयमा सङ्गीत कक्षा चलिरहेको छ । विद्यालय समयमा पढाइ प्रभावित नहोस् भनेर बिहान सङ्गीत कक्षा सञ्चालन गरिएको विद्यालयले जनाएको छ ।

विद्यार्थी हँसिलो मुद्रामा उत्साहित हुँदै सङ्गीत सिकिरहेको दृश्य देख्न सकिन्छ । यो सिकाइले छिमेकी विद्यालय तथा समुदायमा राम्रो प्रभाव पारेको छ । विद्यार्थीलाई घरमा मोबाइल हेर्ने बानी हटाउन, बिदाको दिनमा विद्यार्थीले केही नयाँ कुरा सिकुन् भनेर वर्षे बिदा शुरु भएपछि बिहानमा वाद्यवादन सिकाउन थालिएको प्रधानाध्यापक विजय शर्मा बताउँछन् ।

घरमा फुर्सदको समय विद्यार्थी मोबाइल, टिभीमा व्यस्त हुने, बिदाको समय सदुपयोग गराउन, मानव जीवनलाई ऊर्जामय बनाउन, विद्यार्थीलाई रचनात्मक कार्य सिकाउन बाद्यवादन कक्षा शुरुवात गरेका हौं,- उनले भने - बिदाको समय भनेर विद्यार्थीले समय खेर फाल्न पाइरहेका छैनन्, उनीहरुको समय यतिबेला पढाइ र सङ्गीतमा केन्द्रित बनेको छ, विद्यार्थी सक्रिय भएर बाद्यवादन सिकिरहेका छन्, घरमा मोबाइल हेर्ने बानी कम हुँदै गएको छ ।

विद्यालयले हार्मोनियम, झ्याली, मादल, झुर्मा, बाँसुरी, मजुरा लगायतका विभिन्न बाद्यवादनका सामग्रीको बन्दोबस्त गरेको छ । बाद्यवादनका सामग्री खरिदका लागि जापानी नागरिक काजुमासा काकीमी (ओकेबाजे) ले रु. ५० हजार सहयोग गरेको प्रअ शर्माले बताए । ओकेबाजेको सहयोग र विद्यालयको आन्तरिक स्रोतबाट गरी करिब रु. एक लाखको बाद्यवादनका सामग्री खरिद गरी सङ्गीत कक्षा थालनी गरिएको उनको भनाइ छ । विद्यार्थी तथा अभिभावक, सरोकारवाला निकायले विद्यालय समयमा नै सङ्गीतका लागि छुट्टै कक्षा सञ्चालन गर्न माग आएमा सङ्गीत कक्षा चलाउने प्रअ शर्मा बताउँछन् ।

(बाँकी अन्तिम पृष्ठमा)

"प्राविधिक शिक्षा आजको आवश्यकता, प्राविधिक शिक्षा पढौं, स्वरोजगार बनौं"

ADMISSION OPEN भर्ना खुल्यो !! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन स्वीकृत प्राप्त बिगत १९ वर्षदेखि उत्कृष्ट नतिजा ल्याउन सफल
श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय बिर्तामोड झापामा
शैक्षिक सत्र २०८१/०८२ का लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो ।।

कार्यक्रमहरू — प्रि-डिप्लोमा तह

१) भेटेरिनरी, जे.टी.ए. - १८ महिने
२) कृषि जे.टी.ए. - १८ महिने
३) सिभिल सव ओभरसियर -१८ महिने



- शैक्षिक योग्यता SEE/SLC वा सो सरह
- फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गतेसम्म
- ग्रेड ए देखि सबै ग्रेडले फारम भर्न सक्नेछन् ।
- NG (not grading) आएका विद्यार्थीहरुले समेत फारम भर्न सक्नेछन्
- पूरक परीक्षामा सामेल विद्यार्थीले समेत फारम भर्न सक्नेछन् ।
- प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१ श्रावण ११ गते दिउँसो १:०० बजे

स्थान : नयाँ भद्रपुररोड, लिटल फ्लावर विद्यालयबाट २०० मि. दक्षिण बिर्तामोड नपा-४, झापा (dx]fnLu} k'|\$f]/ftf}/)
Email : institutesaptashree@gmail.com

सम्पर्क नम्बर : ९८२७९५३९६३ / ९८५२६७१००४ / ९८२४०६१२५९ / ९८५२६७३५७८ / ९८५२६७४७२० / ९८४२७५८०५० / ९८५२६७९८८७ / ९८६२७६९४७८ / ९८०६०३९३४४

श्री सप्तश्री बहुउद्देश्यीय प्राविधिक शिक्षालय
बिर्तामोड न.पा. ०४, झापा

# पूर्वाधार विकास कार्यालयको पुँजीगत खर्च ७३ प्रतिशत

**भद्रपुर साउन ९।** जिल्ला पूर्वाधार विकास कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा रु. दुई अर्ब १२ करोड ४६ लाख ५० हजार खर्च भएको छ। यो खर्च पुँजीगततर्फ विनियोजित रकमको ७३ दशमलव ३९ प्रतिशत हो। उक्त कार्यालयका सूचना अधिकारी उत्तम नारायण खरेलका अनुसार प्रदेश स्रोत, सङ्घ स-शर्त र समपूरक गरी जम्मा दुई अर्ब १२ करोड ४६ लाख ५० हजार पुँजीगततर्फ विनियोजन भएको थियो। चालूतर्फ विनियोजित दुई करोड ३० लाखमध्ये एक करोड ७६ लाख ४६ हजार अर्थात् ७७ प्रतिशत रकम खर्च हुँदा समग्रमा ७३ दशमलव ४३ प्रतिशत खर्च भएको छ-उनले भने।



झापा र इलाम दुई जिल्ला कार्यक्षेत्र रहेको पूर्वाधार विकास कार्यालयले गत आवमा झापामा चार र इलाममा दुई गरी छवटा मोटरेबल पुल निर्माण सम्पन्न गरेको थियो।

यसैगरी, गत आवमा २६ दशमलव ७३ किमि सडक कालोपत्रे, २७ दशमलव ५८ किमि सडक ग्राभेल, १७ दशमलव पाँच किमि सडक मर्मत, तीन किमि कच्ची सडक, एक दशमलव ३७ किमि पिसिसी र दुई दशमलव २० किमि सडक सोलिङ गर्ने काम सम्पन्न भएको छ। झापा जिल्लामा दुईवटा बहुवर्षीय सडकको २० दशमलव ४७ किमि निर्माण सम्पन्न भएको छ।

# लागूऔषधसहित १३ जना पक्राउ

**झापा, साउन ९।** झापाको अर्जुनधारा नगरपालिका-११ स्थित नयाँ बसपार्कबाट ब्राउनसुगर ३ ग्राम ५ सय मिलिग्राम सहित सिन्धुली तीनपाटन गाउँपालिका-१ घर बताउने २८ वर्षीय धनबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोस्ट नयाँ बसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

यसैगरी झापा गाउँपालिका-४ स्थित सडकबाट ब्राउनसुगर ५ ग्राम ५ सय ३० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कमल गाउँपालिका-१ बस्ने २९ वर्षीय मौसम लिम्बू र ३६ वर्षीया शर्मिला राई रहेका छन्। इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरीले चर्ताागाछीबाट सुरूङ्गातर्फ जाँदै गरेको प्र.१-०१-०१५ प ७८०८ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

यता मेचीनगर नगरपालिका-१० धाइजन ढाटबाट ब्राउनसुगर १ ग्राम ८ सय ७० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही नगरपालिका-६ बस्ने ३० वर्षीय सोनु तामाङ र २८ वर्षीय सुरेश गुरूङ रहेका छन्। लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको टोलीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

उता मोरङको विराटनगर महानगरपालिका -१६ दरैया चोकस्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ ३ ग्राम २ सय ४० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा सुन्दरहरैचा नगरपालिका-५ बाँसबारी बस्ने २५ वर्षीय अभिषेक चौधरी र ३० वर्षीय उज्ज्वल सापकोटा रहेका छन्।

लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.१९ प ८५९२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

त्यस्तै बाँकेमा पनि लागूऔषधसहित अर्का एकजना पक्राउ परेका छन्। नेपालगञ्ज उपमहानगरपालिका-१५त्यस्तै बर्दियाको बढैयाताल गाउँपालिका -६ रानीपुरस्थित सडकबाट ब्राउनसुगर १ सय २० मिलिग्रामसहित सोही गाउँपालिका-५ जगतिया बस्ने २ जना १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

त्यस्तै चितवनको भरतपुर महानगरपालिका -१३ गंगानगर बस्ने ४७ वर्षीय सोमबहादुर विकलाई २ किलो ४ सय ग्राम गाँजासहित प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय गीतानगरबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो।

उता, कैलालीको टीकापुर नगरपालिका-१ भुपु सैनिक चोकबाट खैरो हेरोइन २ सय ८० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बर्दगोरिया गाउँपालिका-२ बौनिया बस्ने २५ वर्षीय सुमन थारू र १९ वर्षीय यमबहादुर चौधरी रहेका छन्। इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले से.६ प ९१२७ नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

त्यसैगरी पर्साको वीरगञ्ज महानगरपालिका- १६ फूलवारी टोल बस्ने ६५ वर्षीय आसिद मिया र ४२ वर्षीया कायमा खातुन लागूऔषध चरेश ८ किलो २ सय ३७ ग्रामसहित राति पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय पर्सा र इलाका प्रहरी कार्यालय नगवाबाट खटिएको संयुक्त टोलीले उनको घर तलासी गर्दा उक्त परिमाणको चरेश फेला पारी मिया र खातुनलाई पक्राउ गरेको हो।

## १८ यात्रुको ...

महासंघ सप्तरीका पूर्व अध्यक्ष प्रकाश खतिवडाकी जेठी छोरी प्रिजा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ऊर्जा सचिवको सचिवालयमा कम्युटर अपरेटरको रुपमा कार्यरत् थिइन्।

जहाज दुर्घटनामा परी ज्यान गुमाउनेहरुमा अमितमान महर्जन, सागर आचार्य, दिलीप बर्मा, मञ्जुराज शर्मा, अश्विन निरौला, सुदीपलाल जोशी, सर्वेश मरासिनी, श्याम बिन्दुकार, नवराज आले, राजाराम आचार्य, प्रिजा खतिवडा, अधिराज शर्मा, उद्धव पुरी, यज्ञप्रसाद पौडेल, सन्तोष महतो, पुण्यरत्न शाही, आरिफ रेडा, को पाइलट एस कटुवाल रहेका छन्।

विमान चालक मनिष शाक्यको भने घाइते अवस्थामा उद्धार गरिएको छ। उनको केएमसी अस्पताल सिनामंगलमा उपचार भइरहेको छ। उनको अवस्था बोल्न सक्ने रहेको छ भने आँखामा चोट लागेको छ।

**५ जना व्यवस्थापकको ज्यान गयो**

एयर वर्दिनेस म्यानेजमेन्ट अर्गनाइजेसन म्यानेजर अश्विनकुमार निरौला, जहाज मर्मत प्रमुख यज्ञप्रसाद पौडेल, अपरेशन डाइरेक्टर क्यापटेन मनिषरत्न शाक्य, क्वालिटी एस्विरेन्स प्रमुख दिलीप बर्मा रहेका छन्। क्याप्टेन शाक्यले सन् २००९ देखि गुण एयरलाइन्स उडान शुरु गरेका थिए। उनले २०१२ देखि स्रिमिक एयरलाइन्समा करिब ३ वर्ष ट्रेनिङ म्यानेजरको रुपमा काम गरेका थिए। शाक्य २०१४ देखि सिम्रिक एयरलाइन्समा उडान शुरु गरे। पछिल्लो ९ वर्ष ८ महिनादेखि चिफ अफ अपरेशन रहेका छन्। शाक्यले मसुरी मोर्डन र सेन्ट जेभियर्स स्कूलमा अध्ययन गरेका हुन्।

**कसरी बाँचे क्याप्टेन ?**

सौर्य एयरलाइन्सको ९ एन एएमई जहाज टेक अफ लिने क्रममा जहाज दुर्घटना परेको हो। टेकअफ लगत्तै जहाज शुरुमा देब्रेतर्फ खसेर बजारिएको र फेरि उछिट्टिएर दाहिनेतर्फ पुगेको थियो।

दाहिनेतर्फ लगभग दुई सय मिटर घिस्रिँदै जहाजले एयर डाइनेस्टीको हेलिकोप्टरको ह्याङ्गरलाई हिर्काउन पुग्यो। ह्याङ्गरमा रहेको कन्टेनरलाई समेत घिसार्दै जहाज तल खोल्सामा पुगेको थियो। दुर्घटनास्थलमा एयर डाइनेस्टीको कन्टेनरसँगै जहाजको ककपिटको भाग रहेको छ। जहाजको पछाडिको भाग त्यहाँबाट टुक्रिएर फेरि सय मिटर पर बजारिएको छ। यो भाग काँडाघारीको बाटो नजिक रहेको छ।

जहाज दुर्घटना हुँदा ठूलो आवाज आएको थियो। दुई ठाउँबाट आगो र धुवाँको मुस्लो निस्किएको थियो। तत्कालै जहाजमा अग्निनियन्त्रक र उद्दारकर्मी खटिएका थिए। जहाजबाट क्याप्टेन मनिष शाक्यको भने जीवितै उद्दार गरियो। प्रहरी स्रोतका अनुसार उनी आफैं जहाजबाट निस्किन सफल भएका थिए। ककपिट माथि नै रहेकाले पाइलट निस्कन भ्याएका थिए। उनी निस्केलगत्तै सुरक्षाकर्मी आएर उनलाई उद्धार गरेका थिए।

**मृतकका परिवारले बीमा वापत कति पाउँछन् ?**

विमान दुर्घटनामा ज्यान गुमाउनेका आफन्तले बीमा बापत २० हजार अमेरिकी डलर पाउने प्राधिकरणले जनाएको छ। आन्तरिक हवाई दुर्घटनामा मृत्यु भएका प्रत्येक मृतकका परिवारले प्रति मृतक २० हजार अमेरिकी डलर पाउने कानूनी व्यवस्था रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार आन्तरिक हवाई दुर्घटनामा ज्यान गुमाउने प्रत्येक नागरिकका परिवारले प्रतिव्यक्ति २० हजार अमेरिकी डलर पाउने व्यवस्था गरिएको छ।

यो रकम विमान कम्पनीले आफ्ना यात्रुका लागि गरेको बीमावापत भुक्तानी गर्नेछ। त्यसैगरी चालकदलका सदस्यहरूले बीमा बापत प्रतिव्यक्ति ४० हजार अमेरिकी डलर पाउने व्यवस्था छ। नेपालमा व्यवसायिक हवाई उडान शुरु भएदेखि यात्रुको बीमा रकम २० हजार अमेरिकी डलर छ।

**विमान दुर्घटना हृदयविदारक र अकल्पनीय– प्रधानमन्त्री ओली**

प्रधानमन्त्री केपी शर्मा ओलीले सौर्य एयरको विमान दुर्घटनास्थल अवलोकनपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नागरिक उड्डयन प्राधिकरणको उद्धार समन्वय केन्द्रमा ब्रिफिङ लिएका छन्।

प्रधानमन्त्री ओलीले घटना ज्यादै दुःखद, हृदयविदारक र अकल्पनीय भएको बताए। उनले निधन भएकाहरूमा हार्दिक श्रद्धाञ्जली र परिवारमा समवेदना व्यक्त गर्दै घाइते क्याप्टेनको स्वास्थ्य लाभको कामना गरेका छन्। प्रधानमन्त्री ओलीले यसबारे गर्नुपर्ने थप कामबारे सरकारले आवश्यक निर्णय लिने बताउँदै आगामी दिनमा यस्ता घटना नहोस् भन्नेतर्फ सजग हुन सम्बन्धित निकाय र पक्षलाई निर्देशन दिए।

घटना कसरी भयो ? मानवीय वा प्राविधिक कमजोरी भयो ? भन्ने बुझ्न आग्रह गरे। ब्रिफिङमा गृहमन्त्री, पर्यटनमन्त्री, निमित्त मुख्यसचिवसहित सहभागी थिए।

**काँग्रेसद्वारा विमान दुर्घटनाप्रति दुःख व्यक्त**

सौर्य एयरलाइन्सको जहाज दुर्घटनाप्रति नेपाली कांग्रेसले दुःख व्यक्त गरेको छ। कांग्रेसले विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गरेको हो। मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्तिमार्फत सभापति शेरबहादुर देउवाले घटनाप्रति गहिरो दुःख व्यक्त गरेको जनाएका छन्। देउवाले दुर्घटनामा परी मत्यु भएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना प्रकट गरेका छन्। विमान दुर्घटनाप्रति नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गरेका छन्। दुर्घटनामा परी दिवंगत हुनु भएकाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सभापति देउवाले उहाँहरुको आत्माको चिर शान्तिको कामनाका साथ शोकाकूल परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछु विज्ञप्तिमा भनिएको छ।

**विमान दुर्घटनाले राष्ट्रलाई अपूरणीय क्षति : अध्यक्ष प्रचण्ड**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सौर्य एयरलाइन्सको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनामा परी १८ जनाको मृत्यु भएको खबरले स्तब्ध तुल्याएको बताए। उनले सामाजिक सञ्जालमार्फत नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को तर्फबाट सम्पूर्ण मृतकहरूप्रति श्रद्धाञ्जलि व्यक्त गरे। घाइते पाइलटको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै अध्यक्ष प्रचण्डले भने - यस दुर्घटनाबाट राष्ट्रलाई गम्भीर क्षति पुगेको छ, देशले दक्ष प्राविधिकहरू गुमाएको छ। दुर्घटनाको व्यवस्थित उद्धार, घाइतेको प्रभावकारी उपचार र घटनाको छानबिनका लागि सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै धैर्यधारणका निम्ति सम्पूर्णमा अपिल गर्दछु

## बिमान ...

मनोहरा खोलामा भएको सीता एयरको जहाज दुर्घटनामा १९ जनाको ज्यान गएको थियो।

यसैगरी नेपाली आकाशमा सन् २००६ मा ताप्लेजुङमा भएको श्री एयरलाइन्सको हेलिकोप्टर दुर्घटनामा एकै पटक २४ जनाले ज्यान गुमाएका थिए। हेलिकोप्टर दुर्घटनामा यो नै सबैभन्दा ठूलो दुर्घटना हो।

२०७४ सालमा मंसिर १२ मा हुम्लाको सिमिकोटमा तारा एयरको जहाज दुर्घटना भएको थियो। जहाज रनवेबाट चिप्लिएर दुर्घटना हुन पुगेको थियो। २०७४ को जेठमा लुक्ला विमानस्थलमा समिट एयरको कार्गो जहाज दुर्घटनामा चालक र सहचालकले ज्यान गुमाएका थिए।

सर्वाधिक दुर्घटना हुनेमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमका जहाज छन्। नेपाल एयरलाइन्सका १५ जहाज दुर्घटनामा परिसकेका छन्। नेपाल एयरलाइन्सका १२ वटा डबल इन्जिन र सिंगल इन्जिन क्षमताका तीन जहाज दुर्घटनामा परेका छन्।

यसबाहेक आन्तरिक उडानतर्फ नेपाल एयरवेजका चार, एभरेस्ट एयरको एक, निकोन एयरका दुई, स्काई एअरका दुई, गोरखा एअरका दुई, कस्मिकका एक, यतिका पाँच, सांग्रिलाको एक, बुद्धको दुई, अग्निको दुई, ताराको तीन, सीताको तीन र समिट एयरको एउटा दुर्घटना भएको छ।

सन् १९७९ मा भीभीआईपी हेलिकोप्टर लाङटाङमा दुर्घटना भएको थियो। जसमा ६ जनाले ज्यान गुमाएका थिए। हेलिकप्टरतर्फ सबैभन्दा बढी फिस्टेल एयरका आठ हेलिकोप्टर दुर्घटनामा परेका छन्। जसमा १५ जनाले ज्यान गुमाएका छन्। ताप्लेजुङमा भएको श्री एयरलाइन्सको एमआई १७ दुर्घटनामा मन्त्रीसहित देशका गन्यमान्य २४ जनाको ज्यान गएको थियो।

हरेक दूर्घटनासंगै सुरक्षाको प्रश्न उठ्ने गर्छन। तर छानविन समिति बनायो त्यसको प्रतिवेदन थन्क्याएर राख्यो र अर्को दुर्घटनाको प्रतीक्षा गऱ्यो, यो भन्दा अर्को नियती नेपालीहरुसँग नभए जस्तो देखिन्छ।

## मानव...

बालिकाहरूलाई शारीरिक शोषण गर्ने गरेको प्रहरीको भनाइ छ।

खरेल आफैंले पनि बालिकाहरूलाई शारीरिक शोषण गर्दै आएको पीडितहरूले बताएका छन्। प्रहरीले उक्त होटलबाट अस्थायी साधन, प्रेगनेन्सी टेस्ट किट, गर्भ निरोधक औषधिसमेत फेला पारेको छ। प्रहरीले सोही घटनामा बीरबहादुर सिंतान र सुबिलाल सिंतानलाई पनि पक्राउ गरेको छ।

## एक...

पाथीभरा क्षेत्र विकास समितिले वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै वैशाखमा रु. ६९ लाख ३२ हजार चार सय, जेठमा रु. १५ लाख ६५ हजार नौ सय ६५ र असारमा रु. १६ लाख ८८ हजार नौ सय भेटी सङ्कलन भएको उल्लेख गरेको छ। गत आवमा दुई लाख ३१ हजार तीन सय ३४ जना भक्तजनले ताप्लेजुङको पाथीभरा धाममा पुगेर पूजापाठ गरेको समितिले जनाएको छ।

## धान ..

लागि इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोड झापाका डीएसपी प्रकाश बिष्टको टोली पुगेको बताइएको छ।

अनुसन्धानका क्रममा लावती बिगतदेखि छोरा अन्दाजी ३६ बर्षीय आयुस लावतीसहित दिदी भिनाजुको घरमा बस्दै आएको र बिगतदेखि जण्डिस सम्बन्धि बिरामी र मानसिक अबस्था ठीक नभएको खुलेको प्रहरीले जनाएको छ।

## कोशीमा ..

प्रवक्ता दाहालका अनुसार जरिवाना तथा राजश्व सङ्कलन गरी कोशी प्रदेश प्रहरीले एक वर्षमा रु. एक अर्ब १८ करोड ५७ लाख दुई सय ५१ राजश्व सरकारको कोषमा जम्मा गरेको छ।

**ट्राफिक कारबाहीबाट १७ करोड राजश्व**

कोशी प्रदेशमा ट्राफिक व्यवस्थापन अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा कूल रु. १७ करोड ३१ लाख १५ हजार राजश्व सङ्कलन भएको छ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार सो अवधिमा ट्राफिक प्रहरीले ८० दशमलव ५५ प्रतिशत प्रगति हासिल गरी दुई लाख ५५ हजार नौ सय १२ वटा सवारी चालकलाई कारवाही गरेको थियो। उक्त आवमा तीन हजार पाँच सय ६३ वटा दुर्घटना हुँदा तीन सय ९७ जनाको मृत्यु भएको थियो। दुर्घटनामा परी छ हजार ७६ जना घाइते भएको कोशी प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक भीमबहादुर दाहालले जानकारी दिए। उनका अनुसार आव २०७९/०८० मा दुई लाख ६९ हजार आठ सय २३ सवारी चालक कारवाहीमा परेका थिए। उक्त कारबाहीबाट रु. १८ करोड एक लाख ५९ राजश्व सङ्कलन भएको थियो। सो अवधिमा दुई लाख ६९ हजार आठ सय २३ सवारी चालक कारावहीमा परेका थिए।

तीन हजार आठ सय २० सवारी दुर्घटना हुँदा पाँच सय ३१ जनाको ज्यान गएको थियो। छ हजार छ सय ४८ जना घाइते भएका थिए।

## मोबाइल . ..

विद्यार्थीलाई समूह बनाएर फरक-फरक खालको बाजा बजाउन सिकाउने गरिएको छ। विद्यालयका सङ्गीतद्वय शिक्षक चोलाकान्ती विक र तुल्सी गौतमलाई बाद्यवादन सिकाइको जिम्मेवारी दिएर कक्षा सञ्चालन भइरहेको छ। बिदाको समयमा हरेक दिन बिहान ७ बजेदेखि ९ बजेसम्म सङ्गीत कक्षा सञ्चालन गरिएको छ। बाद्यवादन कार्यमा कक्षा २ देखि ८ सम्मका विद्यार्थी सहभागी छन्। विद्यालयबाट घरमा आएपछि गृहकार्य सकेर मोबाइल हेर्ने, खेल्ने गरेर समय बिताउने गरेकोमा अहिले सङ्गीत कक्षा शुरु गरेपछि मोबाइल हेर्ने समय रचनात्मक कार्यमा बिताइरहेको अभिभावक भगवती खनाल बताउँछिन्।

बालबालिका घरमा मोबाइलमै व्यस्त हुने, कति कोशिस गर्दा पनि मोबाइल हेर्ने बानी हटाउन सकिएको थिएन, खाना खाँदा पनि मोबाइल नभइ नहुने बानी बसेको छ, अहिले विद्यालयले बाद्यबादन सिकाउन थालेपछि बालबालिकाहरु सङ्गीत सिक्न व्यस्त भएका छन्, विद्यालयले असाध्यै राम्रो कार्य थालनी गरेको छ- अभिभावक खनालले भनिन्।

विद्यालयमा आएर मादल, हार्मोनियम लगायतका बाजा बजाउन सिक्दा रमाइलो लागेको कक्षा ६ मा पढ्ने छात्र प्रयास अधिकारीले बताए। उनले घरमा गृहकार्य सकेर विभिन्न थरीका बाजा बजाउन सिकिरहेका छन्। अहिलेको समस्या भनेको बालबालिकालाई मोबाइल हेर्न कसरी छुटाउने भन्ने छ। यो समस्याले अभिभावलाई पिरोलिरहेको हुन्छ। सङ्गीत कक्षाले यो समस्या समाधानमा सहयोग गरेपछि यहाँका अभिभावक खुसी छन्।

यहाँ सञ्चालन भएको सङ्गीत कक्षा बाद्यबादक भुपराज पौडेलले चलाएका छन्। विद्यालयले यस कार्यलाई निरन्तरता दिँदै जाने बताइएको छ। विद्यार्थीलाई सैद्धान्तिक ज्ञान बाहेक रचनात्मक तथा सिपमूलक कार्यमा जोड दिएर विद्यालय सञ्चालन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद गौतमले बताए।


तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं।

**रोमानीयामा रोजगारी**

1. Company : Project -70/24

Pre Approval Date: 2079/11/17 | चलानी नं.: ६०१९८१६६ | LOT No. 281582 | Re Approval Date: 2081/04/03

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब नेरु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |
| 2. | Truck Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | | | | | | | |
| 3. | Food Delivery | 200 | 0 | 750 Euro | १,०९,९८८/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 4. | Welder/Mason | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 5. | Pipefitter/Plumber | 25 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 6. | Electrician/ Steelfixer | 40 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 7. | Gypsum/Concrete Worker | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 8. | Cleaner/Hotel Maids | 25 | 20 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 9. | Shuttering Carpenter | 10 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १० गते बिहिवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

AMCON OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
सम्पर्क : ०२३५३५०७४/५३५०७२/५३०१०६
फोन : ९८५२६९१९९९, ९८५२६७४८०९, ९८१६०१५४८८, ९८०७९६३७९५, ९८१६०१६२०९, ९८५२६७४८१०, ९८१६०१६२०९
Email : pangdhakgroup@gmail.com





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## गाउँ-गाउँमा सिंहदरबार हैन, सिंह मात्र

**नेपालको संविधान २०७२मा सङ्घीयताको मर्मअनुसार केन्द्रीय, प्रादेशिक र स्थानीय गरी ३ वटा तहमा अधिकार र शक्तिको विन्यास गरेको छ । विशेषात: स्थानीय तहमा विगतको तुलनामा बढी शक्ति केन्द्रित गरिएको छ । तर, जनताको सुनिने, छाम्न सकिने र देख्न सकिने सरकारको रुपमा स्थानीय सरकार सञ्चालनमा छन् । अहिले सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा देखिएको छ । जबसम्म स्थानीय तहलाइ सशक्त, जनमुखी र भ्रष्टाचारमुक्त बनाउँदै सर्वसाधारण जनतालाई सुशासनको प्रत्याभूति दिन सकिँदैन, तबसम्म जनताका चैनका दिन आउँदैनन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गर्ने अदालत विशेष अदालत हो । आर्थिक वर्ष २०८०/०८१मा २ सय १ वटा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गर्दा स्थानीय तहसँग सम्बन्धित मात्रै आधा छन् । मुलुकभरिका सरकारी र सार्वजनिक निकायमा हुने बेथिति र भ्रष्टाचारमा अनुसन्धान गर्ने दायित्व अख्तियारको हो । ती सबै निकायमध्ये स्थानीय तहकै मुद्दा धेरै हुनु भनेको स्थानीय सरकार भ्रष्टाचारमा चुर्लम्म डुबेको देखिनु हो । स्थानीय सरकारको अभ्यास भएको १0 वर्ष पनि भएको छैन । बल्ल दोस्रो कार्यकालको दोस्रो वर्ष पूरा हुँदैछ ।**

**संविधानका परिकल्पनाकारलाई निश्चय नै थाहा थियो– अधिकार धेरै हुनु भनेकै दुरुपयोगको सम्भावना पनि धेरै हुनु नै हो । सोही अनुसार पनि स्थानीय तहमा भ्रष्टाचार बढेको हुनुपर्छ । त्यसमाथि जनप्रतिनिधि कानूनको जानकार छैनन् । भ्रष्टाचार बढ्नुमा नियत, अज्ञानता, जनप्रतिनिधिको लापरवाही जिम्मेवार छन् । विधि प्रक्रियालाई पछ्याउनेभन्दा पनि आफूले भनेको हुनुपर्छ भन्ने शैलीमा काम गरेका कारण बेरूजु बढेकोमा शङ्का छैन । पदमा भएपछि शक्ति सम्पन्न भएको ठान्ने र आफूलाई कानूनभन्दामाथि भएको सम्झने मनोवृत्ति पनि छ । सोही मनोवृत्तिसँगै विधि र प्रक्रियाविपरीत काम गर्दा भ्रष्टाचारको फन्दामा उनीहरू परेका छन् । कतिपयले बदनियत राखेरै कमजोरी गरेका छन् भने कतिले अञ्जानमा पनि । शक्तिको दुरुपयोग, बजेटको हिनामिनासँगै स्वार्थ राखेर काम गर्ने जनप्रतिनिधिहरू अख्तियारको निशानामा पर्नु स्वाभाविक हो । धन्न मुलुकमा अधिकार सम्पन्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ र भ्रष्टाचार नियन्त्रणमा त्यतिका कदम चालेको छ ।**


**लोकतन्त्रको मर्म आत्मसात नगर्ने धेरै जनप्रतिनिधि छन् । लोकतन्त्र भनेको जीवनशैली हो, आचारसंस्कार पनि हो । सदाचारयुक्त संस्कार बसाउन समर्थ नहुँदासम्म बेथिति र विकृति अनि भ्रष्टाचार फैलिरहन्छ । लोकतन्त्रमा जनप्रतिनिधि होस् या सार्वजनिक पदधारण गरेको जो कोही व्यक्ति उत्तरदायी हुनुपर्छ । लोकतन्त्र व्यक्तिको होइन विधिको शासन हो । जनप्रतिनिधि होऊन् वा कर्मचारी उनीहरू निमित्त हुन्, मूल कुरा विधि र पद्धति नै हो । विधि मिचेर काम गर्दा बेथिति र भ्रष्टाचार गाउँगाउँमा देखिएको हो । गाउँगाउँमा सिंहदरबार लैजाने वा ल्याउने भनेको नेपालको प्रशासनको मूल केन्द्र सिंहदरबारको शक्ति स्थानीय तह अर्थात गाउँ व नगरमा विकेन्द्रित गर्ने हो । सम्पूर्ण शक्ति विकेन्द्रित भएको छ कि छैन, त्यो अर्को विषय हो, तर शक्तिको सदुपयोगभन्दा बढी दुरूपयोग भएको विषय गम्भीर चिन्ताको विषय हो ।**

सामाजिक सञ्जाल

दुर्घटना आफैमा पीडादायी हुन्छ नै । यो बेला सुरक्षाकर्मी, स्वास्थ्यकर्मी या अन्य प्राविधिक या सहयोगीको अहम् भूमिका हुन्छ । तर, हाम्रोमा यी सबैलाई काम गर्नै असहज हुने गरी मोबाइल बोकेर बस्ने रमितेहरूको चहलपहल ज्यादा हुन्छ, हेर्दै दिक्क लाग्ने ।

**– निर्मला ढकाल**






जहाज दुर्घटनाको भएको छ । एअरपोर्ट वरिपरि जलन अस्पताल छैन । नेपाल सरकारको चरम लापरवाहीको एक नमूना । यो देशका सम्पन्न व्यापारी बुद्धिमान शक्तिशाली जहाजमा यात्रा गर्छन् । तर, कोही जलन अस्पतालको पक्षमा बोल्दैनन् ।

**– उज्ज्वल विक्रम थापा**

# प्रवासमा नेपाली पत्रकारिता : व्यावसायिक चुनौति र सम्भावना



**भानुभक्त आचार्य**

वि.सं. २०४६ मा नेपालमा लोकतन्त्रको पुनर्स्थापनापछि नेपालीहरूका लागि संसार यात्राको ढोका खुल्यो- पढ्ने, अवसरहरूको खोजी गर्ने र विदेशमा स्थायी बसोबास गर्ने आदि। वि.सं. २०५२ मा माओवादी विद्रोह शुरु भएपछि त नेपालीहरुको विदेश पलायन तीव्रगतिमा हुन थाल्यो। हालै सार्वजनिक केन्द्रीय तथ्यांक विभागको तथ्याङ्क अनुसार हालसम्म बाइस लाख नेपाली मूलका मानिसहरू एसिया, युरोप, अमेरिका, अस्ट्रेलिया लगायत महादेशमा पुगेका छन्। विदेशमा नेपाली समुदाय बढ्ने क्रमसँग नेपाली भाषामा नेपाल बाहिर पनि अखबार, रेडियो र टेलिभिजन खुल्न थाले। इन्टरनेटको आगमनपछि नेपाल बाहिरबाट नेपाली भाषामा अनलाइन पोर्टल सञ्चालन गर्ने लहरै चल्यो।

स्मरण रहोस्, प्रवासी नेपालीको मात्रै होइन, अचेल संसारभरि नै प्रवासी मिडिया धेरै हदसम्म इन्टरनेटमा आधारित छन्। यसको संख्यात्मक आकार एवम् गुणात्मक स्तर दिन प्रतिदिन बढ्दो छ। त्यसरी सञ्चारमाध्यम सञ्चालन गर्नेहरू प्रायः नेपालमा पत्रकारिता पृष्ठभूमि भएका व्यक्ति छन्। उनीहरूले व्यावसायिक रूपमा आर्थिक उपार्जनका लागि अन्य काम गरेर बचेको समयमा पत्रकारिता गर्ने अभ्यास छ। किनभने सिमित संख्यामा छरिएको नेपाली समुदायकै भर परेर प्रवासी नेपाली मिडियाले सञ्चालन खर्च धान्न सक्ने अवस्था छैन। प्रवासी मिडियाले सम्बन्धित समुदायको पहिचान र राष्ट्रियताको भावनालाई बलियो बनाउँछ। यसले गर्दा नेपालबाहिर नेपाली भाषीलाई संगठित गर्न र नेपाली भाषा र संस्कृतिको प्रवर्द्धन गर्न निकै मद्दत पुगेको मान्न सकिन्छ।

प्रवासी सञ्चार संस्थाको संख्यात्मक वृद्धि भएसँगै गुणात्मक विकास वा व्यावसायिक पत्रकारिताका बारेमा चासो वा तदारुकता देखाउन ढिला भइसकेको छ। आफूलाई जे मनलाग्छ त्यही, जस्तो मन लाग्छ त्यस्तै, जति बेला फुर्सद हुन्छ, त्यही बेला जुन समाचार लेख्न मन लाग्छ, त्यही मात्रै राखेर अनालाइन वा कुनै सञ्चारमाध्यम चलाउने परिपाटीले प्रवासमा नेपाली पत्रकारिताले गुणात्मक फड्को मार्न सक्दैन। हुन त नेपालभित्रकै पत्रकारिता व्यावसायिक कार्यसम्पादनमा खरो उत्रन सकेको छैन, संख्यात्मक भीड बढेको छ, तर गुणात्मक फड्को मार्न सकिएको छैन भनेर चित्त बुझाउने ठाउँ पनि हुन सक्छ। तर, पत्रकारिताको लामो इतिहास र व्यावसायिक वर्तमान भएका युरोप र अमेरिका जस्ता महादेशमा बसेका नेपालीहरूले प्रवासमा मात्रै होइन, नेपालमा समेत व्यावसायिक पत्रकारिताका लागि उल्लेख्य मार्गनिर्देश गर्न सक्छन्। त्यसका लागि भए पनि हामीले फरक ढंगले सोच्न र काम गर्न ढिला भइसकेको छ।

**प्रवासमा नेपाली पत्रकारिताका समस्या**

प्रवासी नेपालीले सञ्चार गरिरहेका सञ्चार संस्थामा पत्रकारिताको गुणस्तर कस्तो छ ? के समस्या छन् ? आर्थिक अवस्था कस्तो छ भन्ने बारे यथार्थ जानकारी नभइकन त्यसको समाधान के हो र कसरी गर्न सकिन्छ भनेर निष्कर्षमा पुग्न कठिन छ। यसका लागि मैले बीबीसी नेपालीका पूर्व पत्रकार भगीरथ योगी र डा. जगन कार्कीले सन् २०२२ मा प्रकाशन गरेको अध्ययनको संक्षेप यहाँ प्रस्तुत गरेको छु। उक्त अध्ययन बेलायतको राउटलेज प्रकाशनबाट प्रकाशित पुस्तक 'ग्लोबल पर्स्पेक्टिभ अन जर्नलिजम इन नेपाल'मा प्रकाशित छ। त्यस पुस्तकको सम्पादक म आफैं भएकाले यस लेखमा योगी र कार्कीले गर्नुभएको अध्ययनका मुख्य अंशहरुलाई समावेस गर्दा अझ बढी सान्दर्भिक होला भन्ने ठानेको छु।

योगी र कार्कीले केस स्टडी विधि प्रयोग गरी नेपाल बाहिरबाट सञ्चालित ४४ ओटा अनलाइन पोर्टलका सञ्चालकहरूलाई व्यावसायिक पत्रकारिता र आर्थिक दिगोपनका बारेमा सर्भेक्षण अध्ययन गर्नुभयो। त्यसको तथ्याङ्कमा आधारित भएर १० वटा अनलाइनको सूक्ष्म अवलोकन र पाँच अनलाइन सञ्चालकसँग अन्तरवार्ता लिइयो। उक्त अध्ययन दुईवटा प्रश्नमा आधारित थियो:


१. नेपाली प्रवासी पत्रकारले सञ्चालन गरेका अनलाइन माध्यमले व्यावसायिक मापदण्ड, आचरण, सामाजिक उत्तरदायित्व आदिलाई बहन गर्न सक्छन् ?

२. दीर्घकालसम्म नेपाली आप्रवासीले सञ्चालन गरेका सञ्चार संस्थाहरू आर्थिक रूपले सञ्चालन हुनसक्छन् ? अध्ययनका निष्कर्षहरूलाई यहाँ दुई उपशीर्षकमा चर्चा गरिएको छ।

**१. व्यावसायिक मापदण्डहरूको अवमूल्यन**

प्रवासी नेपाली पत्रकारिताको व्यावसायिक मापदण्डको परिपालन र आर्थिक दिगोपनका बारेमा अध्ययन गर्न सम्पर्क गरिएका ६५ मध्ये ४४ अनलाइन पोर्टल सञ्चालकहरू सर्भेक्षणमा सहभागी भए। अध्ययनमा समाचारको मौलिकता, गुणस्तर, आचारसंहिताको परिपालन आदि शीर्षकमा प्रश्नहरू सोधिएको थियो। सहभागी भएका मध्ये ७३ प्रतिशत अनलाइन पोर्टल सञ्चालकले प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता पालना गर्ने गरेको बताए। नेपालबाहिर सञ्चालित नेपाली समाचार पोर्टलहरूले प्रेस काउन्सिल नेपालद्वारा जारी आचारसंहिता पालन गर्नु आवश्यक छैन। उनीहरूले सम्बन्धित देशका आधिकारिक संस्थाले जारिगरेका आचारसंहिताको परिपालन गर्नु पर्ने हो। कतिपयलाई त्यसको राम्रो जानकारी समेत छैन। सहभागी मध्ये ७० प्रतिशतले सूचना खोज्न वा भेला पार्न सामाजिक सञ्जालको प्रयोग गर्ने गरेको पाइयो भने त्यत्तिकै संख्यामा अध्ययनका सहभागीहरूले दाबी गरे कि उनीहरूसँग समाचारको तथ्यप्रमाणीकरणका लागि आफ्नै सम्पादकीय समूह छ। तर, ३० प्रतिशत सहभागीहरूले मात्रै आफ्नो समाचार पोर्टलमा व्यावसायिक स्तर कायम गर्न सकिएको स्वीकार गरे।

सर्भेक्षणमा प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दै सहभागीले दाबी गरेको कुरा र अनलाइनमा प्रस्तुत गरिएका विषयवस्तु एकआपसमा मेल खान्छन कि खाँदैनन् भनी बाहेक १० वटा अनलाइन पोर्टलमा प्रकाशित समाचार सामग्रीको सूक्ष्म अवलोकन गर्नुका साथै पाँच जना सञ्चालकहरूसँग विस्तृत अन्तरवार्ता लिइएको थियो। सूक्ष्म अवलोकन गरिएका १० वटा अनलाइन पोर्टलहरूमा के पाइयो भने अधिकांशले नेपाल केन्द्रित समाचारहरू नेपाली भाषामा प्रकाशन गर्ने गरेको पाइयो। ती समाचारहरू प्राथमिक स्रोतको आधारमा



भन्दा पनि विभिन्न सञ्चार संस्थामा प्रकाशित समाचारको आधारमा पुनर्लेखन गरी तयार गरेको पाइयो। त्यसरी समाचार तयार पारेका समाचारमा मूलस्रोतको नाम उल्लेख नगर्ने समस्या व्यापक थियो। अनलाइन पोर्टल सञ्चालन हुने देशको स्थानीय भाषामा समाचार प्रकाशन गर्ने बिरलै भेटिए तर तिनले पनि नियमित रुपमा स्थानीय भाषामा समाचार प्रकाशन गरेका थिएनन्। त्यसले गर्दा प्रवासी नेपाली बालबालिका, जो नेपाली भाषाभन्दा स्थानीय भाषामा बढी पारंगत हुन्छन्, नै नेपालबारे बेखबर हुने समस्या देखियो। अर्कोतिर नेपाली भाषामा प्रकाशित समाचार पोर्टलले स्थानीय समुदायमा कुनै सम्पर्क बढाउन सक्ने सम्भावना रहेन।

अन्तरवार्ता लिएका पाँच अनलाइन सञ्चालनहरूलाई प्रवासी नेपाली पत्रकारले सञ्चालन गरेका अनलाइन पोर्टलहरूमा कसरी व्यावसायिक गुणस्तर सुधार गर्न सकिन्छ भन्ने प्रश्न सोधिएको थियो। सहभागीहरूले समाचारको चोरी बढ्दो, नयाँ र मौलिक समाचारको अभाव, समाचारमा राजनीतिक झुकाव देखिने, कसैको चरित्रहत्यामा केन्द्रित हुने जस्ता समस्या रहेको बताए। सत्यनिष्ठ वा तटस्थ समाचारको सट्टामा विभिन्न व्यक्ति वा संस्थालाई खुशी पार्ने वा कहिलेकाँही कुनै व्यक्ति वा संस्थालाई लक्षित गरेर भँडास पोख्ने मञ्चका रूपमा पनि सञ्चार संस्थाहरूको प्रयोग गरेको पाइयो।

समाचारको गुणस्तर निर्धारण गर्नका लागि व्यावसायिक मापदण्ड पालन गरेनगरेको हेर्ने प्रेस काउन्सिल नेपाल जस्तो कुनै निकाय हुनु पर्ने हो। तर प्रवासमा त्यो सम्भव छैन। स्थानीय देशका आधिकारिक निकायलाई नेपाली भाषामा सञ्चालन हुने समाचार पोर्टलहरू बारे प्रायः थाहा छैन। प्रवासी नेपाली पत्रकार दाबी गर्नेहरू पनि प्रवासी नेपालीका भेला आदिमा केन्द्रित छन्। स्थानीय पत्रकारको भूमिकामा छैनन्। अधिकांश स्थानीय निकायसँग समन्वयमा छैनन्। यसले उनीहरूलाई प्रवासी नेपालीको मात्रै 'पत्रकार' बनाएको छ। प्रवासमा प्रभाव पार्न, नेपाल र सम्बन्धित देशलाई जोड्न त्यो पर्याप्त छैन।

**२. आर्थिक दिगोपनको अभाव**

प्रवासी नेपालीले सञ्चालन गरेका सञ्चार संस्थाहरू आर्थिक हिसाबले जर्जर अवस्थामा छन्। सभेक्षणमा सहभागी अनलाइन पोर्टल मध्ये ७५ प्रतिशतले आफैंले लगानी गरेर सञ्चालन गरेको बताए भने जसमा करिब आधाजति पूरै घाटामा छन्। बाँकीले खर्च कटौती गरेका छन् र प्रवासी नेपालीद्वारा सञ्चालित व्यापार-व्यावसायबाट धानिएका छन्। सर्वेक्षणका सहभागी मध्ये एक तिहाइभन्दा धेरैले आफ्नो समाचार पोर्टल लगातार घाटामा सञ्चालन गर्नु परेको, आफ्नो खल्तीकै पैसा हाल्ने गरेको, समाचार उत्पादनका लागि स्वेच्छिक रूपमा खटेको र अन्य कुनै स्थानीय वा अन्य निकायबाट कुनै सहयोग नपाएका बताए। केही विज्ञापन आउने सम्भावना भएको संस्थाहरू समेत कोभिड-१९ महामारीले चौपट भएकाले आर्थिक दीगोपन अझ चौपट भएको बताए। प्रवासी नेपालीले सञ्चालन गरेका अनलाइन पोर्टलहरूमा स्थानीय विज्ञापन उपलब्ध हुन नसक्नुको मूल कारण हो ती पोर्टलहरू मूलतः नेपाली भाषामा मात्रै सञ्चालन हुनु। जुन देशबाट अनलाइन पोर्टलहरू सञ्चालन गरिएको छ, त्यहाँको स्थानीय भाषामा समेत नेपाल र नेपाली समुदायका सरोकारका विषयहरू प्रकाशन/प्रसारण गर्न नसक्दा स्थानीय विज्ञापन वा अन्य आर्थिक सहयोग पाउन मुस्किल छ।

अखबार, रेडियो वा टेलिभिजन जस्ता परम्परागत सञ्चार संस्थामा नियमित आउने विज्ञापनको ठूलो हिस्सा विभिन्न सामाजिक सञ्जालले लगेका छन्। यसले गर्दा अनलाइनमा आधारित सञ्चार संस्थाहरू विश्वभरि नै कसरी आर्थिक रूपले स्वावलम्बी हुने भन्ने उपायको खोजीमा छन्। प्रवासी नेपालीका समाचार संस्थाहरू अपवाद होइनन्। तर, हामीले आफूले पाउन सक्ने बजारलाई पनि खोजी गर्न सकेका छैनौं। अनलाइन पोर्टलमा समाचार हेरिएको आधारमा अथवा फेसबुक, युट्युव जस्ता सामाजिक सञ्जालमा सेयर गरिएको आधारमा केही पैसा आए पनि त्यो पर्याप्त छैन। धेरैले हेर्ने किसिमको सनसनीपूर्ण समाचार बनाउन खोज्दा पत्रकारिताका मापदण्डहरू चौपट हुन्छन्। अर्थात् मापदण्ड पालन गर्न खोज्दा खर्च बढ्छ, आर्थिक दिगोपन खोज्दा पत्रकारिताका मापदण्ड चौपट होलान् भन्ने डर हुन्छ।

विश्वभरि नै पत्रकारितामा वस्तुनिष्ठता, निष्पक्षता, तटस्थता र जवाफदेहितालाई व्यावसायिक मापदण्डको मानक मान्ने गरिन्छ। खल्तीबाट पैसा हालेर एवम् स्वयमसेवी रूपमा गरिएको कामले प्रवासी नेपालीले सञ्चालन गरेको पत्रकारितलाई व्यावसायिक बनाउन र आर्थिक रुपमा सबल बनाउने कुरा निकै चुनौतिपूर्ण छ। चाखलाग्दो कुरा के छ भने कोभिड-१९ जस्तो विश्वव्यापी महामारीको समयमा पनि प्रवासी नेपालीहरूले सञ्चालन गरेका कतिपय अनलाइन समाचार पोर्टलहरू (जस्तैः नेपालीलिंक डटकम, ग्लोबलनेप्लिज डटकम, गोर्खामिडिया डटकम, ब्रिटिसखबर डटकम) आदि सञ्चालन भइराखे। यो निकै महत्वपूर्ण कुरा हो। तर, जस्तो परिस्थिति भए पनि पत्रकारिताको मूल्य-मान्यतामा सम्झौता गरेर गरिएको पत्रकारितालाई व्यावसायिक भन्न सकिन्न। महामारीभन्दा अघि वा पछि पनि प्रवासी नेपालीहरूले व्यावसायिक पत्रकारिता वा सञ्चार संस्थामा आर्थिक दिगोपनलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा कुनै ठोस कार्ययोजना नभएको देखिएन।

**प्रवासी नेपाली मिडिया सञ्चालनका उपायहरू के हुन सक्छन् ?**

माथिको अध्ययनबाट प्राप्त तथ्यहरूलाई विचार गर्दा निम्न रणनीति अपनाउन सके प्रवासको पत्रकारितामा गुणस्तर कायम गर्न र आर्थिक हिसाबले पनि चलायमान बनाउन सकिन्छ। ती रणनीतिक सुझावका बारेमा म छोटकरीमा चर्चा गर्न चाहन्छु :

– हामीलाई थाहै छ : पत्रकारिता सामुहिक कार्य हो। कुनै पनि सञ्चार संस्थामा गुणस्तर अभिवृद्धिका लागि स्थानीय संवाददाता, मुख्य संवाददाता, समाचार सम्पादक, पाण्डुलिपि सम्पादक, भाषा परीक्षक, सज्जा सम्पादक, प्रधानसम्पादक आदि भूमिकामा पत्रकारहरू चाहिन्छ। तर, अचेल प्रवासका धेरैजसो अनलाइन एक-दुई व्यक्तिको रहर वा लहडले चलेका छन्। जतिसुकै खटे पनि पत्रकारितामा निखार ल्याउन वा व्यावसायिक गुणस्तर कायम गर्न एक्लो व्यक्तिले सम्भव छैन। त्यसैले प्रवासमा गुणस्तरीय पत्रकारिताका लागि उस्तै भावना र हुटहुटी भएका साथीहरू मिलेर सहकार्य गर्नु पहिलो महत्वपूर्ण सर्त हो। एक्लै पत्रकारिता गर्ने कुरा हुटिट्याउँले सगर थामे जस्तै हो। त्यसैले गुणस्तरीय पत्रकारिताका लागि सहकार्य गरौं।

– सञ्चार संस्था चलाउँदा आफैं सर्वेसर्वा हुनुपर्ने वा प्रधानसम्पादक आफैं हुनुपर्ने मानसिकताबाट मुक्त हुनुपर्छ। नेपालमा म फलानो पदमा थिए भन्ने भूतप्रभावी मानसिकताले पनि कहिलेकाँही सहकार्य गर्न वा आफूभन्दा कनिष्ठहरूसँग उदार मन राखेर काम गर्न अप्ठेरो पर्छ। कसैले धेरै पैसा हालेकै भरमा त्यसलाई ठूलो पदमा स्वीकार्न सकिने अवस्था पनि हुँदैन। अमेरिका वा क्यानडामा त्यस्ता अनेक उदाहरणहरू छन्, जसमा सहकर्मीहरूको वरिष्ठ वा को कनिष्ठ भन्ने कुरामा विवाद भएर वा कसले कुन पद लिने भन्ने विषयमा कुरा नमिलेर चलिरहेका सञ्चार संस्था नै बन्द भएका छन्। अखबार सञ्चालनका लागि दिन सक्ने योगदान, समय वा आर्थिक सहयोग आदिलाई समेत दृष्टिगत गरेर विवाद नहुने किसिमले सबैलाई समेटेर सम्पादक मण्डल बनाऔं, जस अन्तर्गत सबै साथीहरूको नाम बराबरीको हैसियतमा राख्न सकिन्छ। सहकारी मोडलमा सञ्चार संस्था चलाउनुपर्छ- सहकार्य गर्ने साथीहरू बीच नाफाघाटा बराबर हुने गरी।

– समाचारको 'रिसाइक्लिङ' बन्द गरौं। प्रवासबाट सञ्चालित नेपाली सञ्चार संस्थाहरूले मूलतः नेपालकै समाचार पुनःउत्पादन गर्ने गरेको कुरा माथि उल्लेख गरिएकै छ। फेरि त्यस्तो पुनःउत्पादित समाचारको कच्चा पदार्थ कुनै औपचारिक वा वैधानिक स्रोतबाट प्राप्त भएको हुँदैन। प्रायः सबैले नेपालबाट प्रकाशित विभिन्न सञ्चार संस्थाको अनलाइन संस्करणबाट उपलब्ध समाचार सामग्रीलाई अनधिकृत रूपमा काँटछाँट, पुनःलेखन, सम्पादन आदि गरेर पुनःउत्पादन गर्ने हुन्। त्यो कुनै नयाँ वा सिर्जनात्मक काम होइन, जसले प्रवासी नेपाली समुदायलाई ठोस योगदान दिन सकोस्। अझ कतिले त 'कपी-पेस्ट' मात्रै जानेका छन्। चोरीचकारीबाट सिर्जना गरेको समाचारले तपाइँको प्रतिष्ठा बढाउँदैन, घटाउँछ। तपाइँको अगाडि 'क्याबात् पत्रकारज्यू' भन्नेले पनि पछाडि कुरा काटेकै हुनसक्छन्। सचेत होऔं। बचौं।

– स्थानीय समाचारलाई प्राथमिकता दिऔं। प्रवासी नेपाली सञ्चार संस्थामा प्रायः नेपालमा जे राजनीतिक, आर्थिक वा सामीजक घटनाक्रम हुन्छ, प्रवासका सञ्चार संस्थामा पनि त्यही समाचारको पुनःप्रस्तुतिले ठाउँ ओगट्छ। यो लेख लेख्दै गर्दा मैले युरोप र उत्तर अमेरिकाका विभिन्न देशहरूबाट सञ्चालित प्रवासी नेपालीले चलाएका १४ वटा अनलाइन पोर्टलहरू हेरे। ती मध्ये नेपालप्लस डटकम (फ्रान्स), खसोखास डटकम (अमेरिका) र नेपालटच डटकम (क्यानडा) खोल्ने बित्तिकै पहिलो पाँच समाचारहरू स्थानीय विषयमा लेखेको पाइयो।

बाँकीमा पहिलो पाँच समाचारभित्र स्वर्णिम वाग्ले प्रकरण, राष्ट्रिय स्वतन्त्र पार्टीको पत्रकार सम्मेलन, मिटरब्याज पीडितको मुद्दा, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालका योजना, मच्छिन्द्रनाथको जात्रा आदि विषय समेटिएका थिए। नेपालको समाचार हेर्नका लागि नेपालकै अनलाइनहरू पर्याप्त छन्। त्यही समाचार पुनःलेखन गर्नुको साटो स्थानीय गतिविधिका बारेमा प्रवासी नेपाली पाठकलाई जानकारी दिन सकिएन भने प्रवासी नेपाली मिडियाले स्थानीय पाठकहरू बीच आफ्नो स्थान बनाउन सक्दैन। स्थानीय पाठकलाई काम लाग्ने खुराक दिन सकिँदैन र नेपालकै धङधडीमा रमाउने हो भने प्रवासमा त्यस्ता समाचार संस्थाको औचित्य छैन।

– स्थानीय भाषामा पनि समाचार उत्पादन गरौं। नेपालमा हुर्किएर प्रवासमा भाग्य खोज्दै हिँडेको हाम्रो पुस्ताले नेपाली समाचार पढ्छ, बुझ्छ। तर, सानो उमेरमै विदेश आएका वा प्रवासमै जन्मेका बालबालिकालाई नेपालबारे उत्ति जानकारी हुँदैन। एकातिर नेपाली भाषामा मात्रै लेखेर/बोलेर हाम्रै बालबालिकाले बुझ्दैनन्। अर्कोतिर, हामी पनि नेपाली भाषामा मात्रै अनलाइन चलाएर स्थानीय समुदायमा भिज्न सक्दैनौं। यसको अर्थ हो- हाम्रो पत्रकारिताले नेपाल र प्रवासलाई जोड्न सकेन। त्यसका लागि आफू बसेको देशको भाषामा पनि समाचार प्रकाशन गर्ने काम गर्नुपर्छ ताकि हाम्रा नानीबाबुले पनि नेपालित्वबारे जानकारी पाउन्। स्थानीय समुदायलाई पनि नेपाली आप्रवासीका सरोरकारका विषयमा जानकारी होस्। मातृभूमिको प्रवर्द्धन गर्ने हो भने हामीले हाम्रो पत्रकारितालाई स्थानीय भाषामा समेत प्रकाशन/प्रसारण गर्न ढिला गर्नुहुँदैन।

– अरुकै सञ्चार संस्थामा नियमित लेखौं। हामीले सबैभन्दा सस्तो ठानेको अनलाइन पोर्टललाई व्यावसायिक हिसाबले चलाउन सबैभन्दा खर्चिलो छ। अनलाइनमा समाचारलाई अझ विश्वस्त बनाउन तस्बिरको प्रयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, रेखाचित्रको प्रयोग गर्न सकिन्छ। फेरि अनलाइनमा समाचार प्रकाशन गर्ने कुनै समयसिमा हुँदैन। पाठकहरू संसारभरि छरिएका हुन्छन्। जति समाचार प्रकाशन गरे पनि अनलाइनको भाँडो अखबारको जस्तो भरिनेवाला छैन। त्यसमा पनि एक्लै चलाउन खोज्ने जोसले अझ दुःख दिन्छ। आफूसँग सञ्चार संस्था चलाउने मनमिल्दा साथीहरूको समूह छैन भने आफूलाई मन परेको सञ्चारमाध्यममा लेखक, स्तम्भकार वा टिप्पणीकर्ताका रूपमा आफूलाई सिमित राख्नु उपयुक्त हुन्छ।

यसो गर्दा आफूलाई जसरी भए पनि पत्रकार हुनै पर्ने झन्झटबाट मुक्त राख्न सकिन्छ भने अरुले चलाएको अनलाइनमा योगदान गरेर आफ्ना समकक्षी साथीहरूलाई सहयोग गर्न सकिन्छ। फेरि हप्ता-दुई हप्तामा एउटा टिप्पणी वा लेख वा समीक्षा लेख्न सकियो भने आफ्नो लेखाइको गुणस्तर पनि बढ्छ। समाचार त जतासुकै पाइन्छ, आफ्नो ब्रह्मले देखेको सत्य लेख्न त आफैं अघि नसरी हुन्न। साथीहरूलाई सहयोग गरौं। हरेकले सम्पादकै हुनु पर्ने मानसिकताबाट पछि हटौं।

(पिएचडी, प्राध्यापक, युनिभर्सिटी अफ ओटावा, क्यानडा)

# विजय खरेल स्मृतिग्रन्थ' लोकार्पण

**सुरुङ्गा, साउन ९।** सुसेली साहित्यिक परिवारको आयोजनामा एक कार्यक्रमकाबीच 'बिजय खरेल स्मृतिग्रन्थ' लोकार्पण गरिएको छ।

सुसेली साहित्यिक परिवारका अध्यक्ष पुण्यप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि भाषाविद्, संस्कृतिविद् प्रा.डा.जीवेन्द्रदेव गिरीले उक्त कृतिको विमोचन गरेका थिए।

सो कार्यक्रममा वरिष्ठ अधिवक्ता लीला उदासी, संविधानसभा सदस्य रवीन कोइराला, बिजय खरेलकी जीवनसँगी पार्वती खरेल, मेचीनगरका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मिना पोखरेल उप्रेती, रुद्र गौरी-श्री अम्बिका ओली प्रतिष्ठानका अध्यक्ष गङ्गाप्रसाद ओली, मेची बहुमुखी क्याम्पसका पूर्वप्रमुखद्वय उमा ओली र कमल गुरागाईं, वरिष्ठ पत्रकार चन्द्र भण्डारी, मोहनकाजी, प्रा.डा. गङ्गाप्रसाद अधिकारी, नर्थ बङ्गाल युनिभर्सिटीका प्राध्यापक कृष्णराज घतानी, नेपाली साहित्य विकास समिति, झापाका अध्यक्ष केशव आचार्य, ज्येष्ठ शिक्षक सचेन राई (घुम, दार्जिलिङ), सल्लाहकार राम कट्टेल, भीम खवास, लक्ष्मी उप्रेती लगायतको विशेष आतिथ्य रहेको थियो। लोकार्पित स्मृतिग्रन्थको परिचयात्मक टिप्पणी गर्ने काम डा. दशरथ खरेल तथा भूवन सुब्बाबाट भएको थियो।

उक्त कार्यक्रममा बहुमुखी प्रतिभाशाली कवि, उपन्यासकार, गीतकार, कलाकार, गायक केसाङ लामालाई ११ हजार नगदसहित दोसल्ला तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरियो।




विमला प्रधान जोशी, भूमिका राईद्वारा कविता वाचन गरिएको कार्यक्रममा अग्रज सञ्चारकर्मी चन्द्र भण्डारी, राजनीतिकर्मी राम कट्टेल, नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, वागमती प्रदेशका पूर्व प्रदेशप्रमुख विष्णु प्रसाईं, वरिष्ठ अधिवक्ता लीला उदासी लगायतले मन्तव्य राखेका थिए। बिजय खरेलका नाति साईकिरण लम्सालले विजय खरेललाई साह्रै मनपर्ने गरेको राजेश पायल राईले गाएको गीत सुनाए र उनले बिजय खरेलरचित गीत पर्दामा दृश्यसहित रेकर्ड सुनाएर सार्वजनिक गरे।

विजय खरेलकी ठूली छोरी जयन्ती खरेलले मिठो भाषामा भावनापूर्ण शब्दावलीले सबैलाई धन्यवाद दिइन् भने त्यस्तै पूरक धन्यवादका शब्द र आफ्ना केही शब्द मिलाएर अध्यक्ष पुण्यप्रसाद खरेलद्वारा कार्यक्रम समापन भयो।

कार्यक्रममा साहित्य कला सङ्गमका विष्णु न्यौपाने, प्रलेश के.स. राजेन्द्र संग्रौला, कनकाई प्रतिभा प्रतिष्ठानका अध्यक्ष जीवनाथ सुवेदी, त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारी, डाइनामिक ग्रुपका अर्जुन खरेल, भानु साहित्यिक प्रतिष्ठानका कावा अध्यक्ष डिल्लीराम घिमिरे, महासचिव सुशील आचार्य, प्रलेस झापाका अध्यक्ष लीलाप्रसाद अधिकारी, प्रलेस तेह्रथुमका अध्यक्ष देवीप्रसाद संग्रौला, मेची क्याम्पसका सहप्राध्यापक चूडामणि वशिष्ठ, पुण्य खरेल, कविहरु टङ्क विकल्प, जय भण्डारी, घरदलान साहित्य बुधबारेका संयोजक गणेश निरौला, कविहरु खगिन्द्रा खुसी, रश्मि असफल रहेका छन्।

त्यस्तै हस्त परियार, भगवती ढुङ्गेल, जय आचार्य, एनवी दाहाल नवीन, सन्तोष आचार्य, अर्जुन कार्की, अम्बिका भण्डारी, विरही अधिकारी, हरिनारायण भट्टराई, हरिप्रसाद नेउपाने, बुद्ध शान्ति साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठान अध्यक्ष शिवकुमार पौडेल, तोयालाल दाहाल, मिना अधिकारी, झाँक्रीखोले, डा.ठाकुर पोखरेल, सहकारी अभियन्ता रामचन्द्र उप्रेती, कविहरु अमृता पाठक चौंलागाईं, दुर्गाप्रसाद सिग्देल, अभागी थेगुवा, मायामितु न्यौपाने, सागर शिवाकोटी, जय आचार्य, हरिप्रसाद रिमाल, लता प्रसाईं, इन्दिरा खरेल, तुलसी निरौला, क्या. गोपीलाल लिम्बू, सुनीता तामाङ लगायतको आतिथ्य रहेको थियो। सुसेली साहित्यिक परिवारका सदस्य शुभद्रा भट्टराईको स्वागत मन्तव्य रहेको सचिव कनक कार्कीले सञ्चालन गरेका थिए।

# सतासी १४औं बर्षमा

**कमल, साउन ९।** झापाको शिवसताक्षी-८ झिलझिलेबाट प्रकाशन हुँदै आएको साप्ताहिक सतासी खबर पत्रिकाले १४औं वार्षिकोत्सव मनाएको छ।

२०७६ साउन ८ गतेबाट साताको सोमबार प्रकाशन हुँदै आएको सतासी पत्रिकाले १३औं वर्ष पुरागरेर १४औं वर्षमा प्रवेश गरेको अवसरमा झिलझिलेस्थित कार्यालयमा बार्षिकोत्सव मनाएको हो।

शिवसताक्षी नगर प्रमुख मेघाहाङ (रोशन थोप्रा) ले कार्यक्रममा १४औं बार्षिकोत्सवको ब्यानर बाचन गर्नुका साथै केक काटेर उद्घाटन गरेका थिए। कार्यक्रममा नगर प्रमुख थोप्राले नगरको एक मात्र छापा संस्थालाई टिकाइ राख्न आवश्यक सहयोग गर्दै आएको र त्यस सहयोगलाई आगमी दिनमा समेत निरन्तरता दिने बताए। नगर प्रमुख थोप्राले पत्रिकाले नगरमा सम्पन्न भएका र आयोजना हुने कार्यक्रमका बारेमा सत्य-तथ्य समाचार मात्र सम्प्रेषण गर्न समेत आग्रह गरेका थिए।

त्यसैगरी, पत्रकार महासघ झापाका अध्यक्ष एकराज गिरीले निष्पक्ष, भयरहीत र स्वतन्त्र रहँदै समाजमा घटेका बिसंगति, कुरीति र विकृतिको भण्डाफोर गर्दै समाजलाई दिशाबोध गर्दै आएको पत्रिकाको थप सफलताको शुभकामना व्यक्त गरेका थिए।



पूर्वनगर प्रमुख चन्द्र सेर्माले समाजमा अमनचयन, शान्ति, सुरक्षा र सुशासन कायम राख्न यसले सन्तुलित भूमिका निर्वाह गर्दै आइरहेको पत्रिकालाई शुभेच्छा व्यक्त गरे। सेर्माले प्रेस स्वतन्त्रताको प्रत्याभूति र ग्यारेन्टी गर्न पत्रिकाले खेलेको भूमिका पनि उत्तिकै दर्विलो भएको समेत बताए।

कार्यक्रममा आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का नेता पत्रकार दिपीन राईले निकै कठिन यात्राहरु छिचोल्दै १४औं वर्षमा प्रवेश गर्दै गरेको सतासी साप्ताहिकले निरन्तरता पाइरहनु गौरवको विषय भएको बताए। उनले केही व्यक्तिहरु मिलेर पत्रिका प्रकाशन गरेको भए पनि त्यो समाज र राष्ट्रको साझा सम्पत्ति भएको बताउँदै पत्रिकालाई बचाउनका लागि स्थानीय सरकार र अरु सचेत व्यक्तिहरुको भूमिका आवश्यक रहने बताए।

स्थानीय युवाहरुको सक्रियतामा २०६८ सालदेखि तत्कालीन सतासीधामस्थित झिलझिलेबाट सतासी साप्ताहिक पत्रिका प्रकाशन शुरु गरेका थिए।

कार्यक्रममा पत्रिकाका सस्थापक सम्पादक अनिलदेब राईले सतासी साप्ताहिकले सुविधाबाट बञ्चित ग्रामिण क्षेत्रका गतिविधिहरुलाई सुविधासहितका शहर बजारहरुसम्म खबरका रुपमा पुऱ्याउन पत्रिका प्रकाशन शुरु गरिएको बताए। राईले सतासीधाम लगायत स्थानीय गाविसहरुका कृषि उपजहरु, सामाजिक क्षेत्रका गतिविधिहरु, विकासका कार्यहरु, धार्मिक र पर्यटकीय प्रवर्द्धनका विषयमा सतासी साप्ताहिकले सवाल-जवाफहरु उठाउने उद्देश्यसहित पत्रिका प्रकाशन शुरु भएको बताए।

कार्यक्रमको सञ्चालन सेलिङ केसी र धन्यवाद मन्तव्य छविलाल दवाडीले गरेका थिए। सो अवसरमा सभाको अध्यक्ष योगेन लावतीले पत्रिकालाई यहाँसम्म आइपुग्न भरपूर सहयोग गर्नु हुने स्थानीय, प्रदेश र संघीय सरकारसहित विज्ञापनदाता र पाठकहरुलाई धन्यवाद दिएका थिए।


## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

**केन्द्रीय कार्यालय : वनेपा–१३, साँगा, काभ्रेपलाञ्चोक**
**कर्पोरेट कार्यालय : महालक्ष्मी–४, ईमाडोल, ललितपुर**
फोन नं. १५९१२७५२/०११६६२२७५,
Web site : www.swmfi.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको ऋण/कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु/बुझाउने पर्ने रकमहरु तिर्न/बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नुभएकोले ऋण/कर्जा चुक्ता/भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र वित्तीय संस्थालाई तिर्नु, बुझाउनुपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस वित्तीय संस्थाबीच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने छ। धितो सुरक्षणमार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल/उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कनूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/ बाबूको नाम | बाजे /ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारि मिति | जारि स्थान |
| १ | विरेन्द्रबजार | पुनिता कुमारी मंडल | सन्तोष कुमार खंग | बलराम खत्वे | गा.वि.स बभनगामाकट्टी-२,सप्तरी | गा.पा.तिलाठी कोइलाडी वडा नं. ८,तोपा सप्तरी | १६-०१-७३-०९५८८ | २०७३-०९-२० | सप्तरी |
| २ | विरेन्द्रबजार | अनार कुमारी मोची | असेसर मोची | लक्ष्मण मोची | गा.वि.स.कल्यानपुर-७,सप्तरी | खडक नगरपालिका वडा नं. ७,सप्तरी | १६१०७९/३८२ | २०६८/०४/३२ | सप्तरी |
| ३ | विरेन्द्रबजार | श्यामा देवी यादव | अनन्दी यादव | लक्ष्मी यादव | गा.वि.स.महदेवा-१,सप्तरी | महादेवा गाउपालिका वडा नं. २, कजौली सप्तरी | १६१०३८/३४० | २०६७/०४/१४ | सप्तरी |
| ४ | विरेन्द्रबजार | हेम कुमारी देवी | मुक्ति यादब | उचित यादब | गा.वि.स.कटैया-७,सप्तरी | रुपनी गाउपालिका वडा नं. ३, हदीया कटैया सप्तरी | ४८०१ | २०६२/११/०२ | सप्तरी |
| ५ | धनुषाधाम | जितनी देवी मुखिया | उदगारी मुखिया बिन | निर्धन मुखिया बिन | गा.वि.स.धनुषाधाम वडा नं. ५,धनुषा | धनुषाधाम न.पा. वडा नं ३,सिकियाही धनुषा | १७३०४८/१०४९ | २०६३।११।०१ | धनुषा |
| ६ | धनुषाधाम | संजिता यादव | नागेश्वर यादव | वैजनाथ यादव | गा.वि.स.धनुषाधाम वडा नं. ७,धनुषा | धनुषाधाम न.पा. वडा नं ३,चिडियाटोल सरसा धनुषा | २५३४४०१४ | २०६२।०३।२० | धनुषा |
| ७ | दुधौली | रामसरि तामाङ (योञ्जन) | वम बहादुर योञ्जन | धन बहादुर योञ्जन | गा.वि.स. अरुणठाकुर वडा नं. ५,सिन्धुली | दुधौली न.पा. वडा नं १४ अरुणठाकुर | २०१०४२/१५१२१ | २०७०।०१।२६ | सिन्धुली |
| ८ | दुधौली | मन्जु अधिकारी | राम कुमार अधिकारी | छविया अधिकारी | निपाने ९ सिन्धूली, | दुधौली न.पा. वडा नं. ११, पत्रिङ्गा सिन्धुली | २०३०४६/१०४८ | २०६३।११।२३ | सिन्धुली |
| ९ | दुधौली | सन्जु तामाङ | कल्याण तामाङ | सोम बहादुर तामाङ | दुधौली न.पा. वडा नं. ५, सिन्धुली | दुधौली न.पा. वडा नं. ५, सिन्धुली | २०-०१-७७-०१९५३ | २०७७।०८।०९ | सिन्धुली |
| १० | दुधौली | लिला माया अधिकारी | जगत कुमार | उत्तिम लाल कुमर | गा.वि.स. रानीबास वडा नं. ६, सिन्धुली | दुधौली न.पा. वडा नं. १०, मंगलपुर सिन्धुली | २०३०५३/७९ | २०६३।१०।२३ | सिन्धुली |
| ११ | दुधौली | गंगा कुमारी कुमर दनुवार | रुदल कुमार दनुवार | मनिलाल कुमार | गा.वि.स.दुधौली वडा नं. ९ सिन्धुली | दुधौली न.पा.वडा नं. ९, सिन्धुली | २०१०४५।४०/३७५७ | २०६४।१२।१ | सिन्धुली |
| १२ | हाटखोला | उर्मिला कुमारी चौधरी | प्रदिप कुमार चौधरी | बिलट चौधरी | जगतपुर ७, सप्तरी | चौदण्डीगढी न.पा.वडा नं ५,उदयपुर | ०४१८२७५५/५२४ | २०४५/०१/२६ | सप्तरी |
| १३ | हाटखोला | प्रतिमा कुमारी चौधरी | सुरेश कुमार चौधरी | जय प्रकाश चौधरी | गा.वि.स. सुन्दरपुर वडा नं.२, उदयपुर | चौदण्डीगढी न.पा.वडा नं ५,उदयपुर | १४१००९/९८११२ | २०६६/०६/१८ | उदयपुर |
| १४ | हाटखोला | समावती चौधरी | अरविन्द चौधरी | हरहु चौधरी | चौदण्डीगढी न.पा.वडा नं ५,उदयपुर | चौदण्डीगढी न.पा.वडा नं ५,उदयपुर | १४-०१-७४-०१२४८ | २०७४/०२/२३ | उदयपुर |
| १५ | हाटखोला | नैना कुमारी चौधरी | गजेन्द्र चौधरी | देवीलाल चौधरी | गा.वि.स. हडिया वडा नं. ८, उदयपुर | त्रियुगा न.पा. वडा नं. १२, उदयपुर | ३४१ | २०६१/१२/२५ | उदयपुर |
| १६ | हाटखोला | जानकी देवी विश्वकर्मा | बिरवल विश्वकर्मा | भोला कामी | अग्नीसाईर कृष्णासवरन गा.पा.५, सप्तरी | त्रियुगा न.पा. वडा नं. १२, उदयपुर | ८८०३४५६१ | २०४५/०२/१३ | सप्तरी |
| १७ | ज्ञानेचोक | कविता प्रधान | यामबीर लिम्बु | करविर लिम्बु | पृश्वीनगर ४ झापा | भद्रपुर न पा ३ | ९९०१५६९३।१ | २०५७/०६/०३ | झापा |
| १८ | ज्ञानेचोक | सनमाया लिम्बु | बल बहादुर लिम्बु | सजप बहादुर लिम्बु | पृश्वीनगर ८ झापा | भद्रपुर न पा १ | ४१०२३।१२२६ | २०६७/०९/०७ | झापा |
| १९ | टकिंसिनवारी | पिन्की देवी ठाकुर | सुधान्नद ठाकुर | माधव ठाकुर ब्राम्हण | बरमझिया २,सप्तरी | बिराटनगर न.पा १० | १६३००४/२३३ | २०६३/११/२२ | सप्तरी |
| २० | जिरिखिम्ती | सुनिल बिश्वकर्मा | रण बहादुर बिश्वकर्मा | पहल सिं बिश्वकर्मा | तम्फुला २ तेह्रथुम | म्याङलुङ न.पा. १० | ०८१००३/२५८४ | २०६५/११/०४ | तेह्रथुम |
| २१ | बेलबारी | खमिरा गहतराज | प्रेम प्रसाद गहतराज | पदम लाल गहतराज | तेहृथुम ईर्वा २ | सुन्दरहरैचा १ मोरंग | ८१०२८।१३५८२ | २०६९।०९।०३ | तेह्रथुम |
| २२ | बेलबारी | ईन्दीरा पराजुली | किरण पराजुली | यदुनाथ पराजुली | भोजपुर साङ.पाङ. ७ | बेलबारी ११ मोरंग | १८५४।७ | २०६१।०४।१५ | भोजपुर |
| २३ | बेलबारी | शर्मिला तामाङ श्रेष्ठ | कमल कुमार श्रेष्ठ | गंगा बहादुर श्रेष्ठ | पाचथर दुर्दिम्बा ०३ | बेलबारी ११ मोरंग | ०२-०५-७०-०१२१५ | २०७०।०१।२१ | पाचथर |
| २४ | बेलबारी | डिमा डोम शेर्पा | संजिव राई | थाम बहादुर राई | सोलूखूम्बू चौरीखर्क ५ | बेलबारी ११ मोरंग | ११३००३।१५२ | २०६३।११।२२ | सोलूखूम्बू |
| २५ | बेलबारी | उमा भुजेल | बिक्रम बहादुर भुजेल | विमल बहादुर भुजेल | मोरङ. ईन्द्रपुर ५ | सुन्दरहरैचा ९ मोरङ. | ०५३००५।ब५२२ | २०६३।१२।१८ | मोरङ. |
| २६ | बेलबारी | निरता ठकुरी | याकुव राई | गणेश बहादुर राई | मोरङ. केराबारी ४ | सुन्दरहरैचा ९ मोरङ. | ४।८८४२ | २०६४।०९।२९ | मोरङ. |
| २७ | इनरुवा | सुमित्रा पौद्वार | अर्जुन पौद्वार | शिवनारायण पौद्वार | इनरुवा ७ | इनरुवा ७ | ०६१०३७१३६१९१ | २०६६।०१।०८ | सुनसरी |
| २८ | इनरुवा | कोशिला कुमारी मेहता | श्याम कुमार मेहता | किसन मेहता | बबिया ८ | इनरुवा ७ | ०६१०३८/१७५१७७ | २०६८।०९।२८ | सुनसरी |
| २९ | इनरुवा | सबिता देवी यादव | भोलाराज यादव | भोजराज यादव | इनरुवा ६ | इनरुवा १ | ०६–०१–७०–०८३८८ | २०७०।०८।१९ | सुनसरी |
| ३० | इनरुवा | सिद्धार्थ चौधरी | चन्देश्वर चौधरी | फकिरा चौधरी | इनरुवा २ | इनरुवा २ | ०६–०१–७१–०१४९७ | २०७१।०२।१६ | सुनसरी |
| ३१ | इनरुवा | विजय परियार | दिपा सिवा | प्रशुराम परियार | इनरुवा ५ | इनरुवा ५ | ८९७२९।९०७२९ | २०६९।०४।१९ | सुनसरी |
| ३२ | जोरपाटी | खेम बहादुर राना मगर | ठग माया मगर | टंक बहादुर राना मगर | हात्तीखर्क ८ धनकुटा | छथरजोरपाटी २ धनकुटा | ०७१०३०/५३८ | २०६६/०९/१४ | धनकुटा |
| ३३ | जोरपाटी | लक्ष्मी राना मगर | युवराज राना मगर | मोतिलाल राना मगर | हात्तीखर्क ८ धनकुटा | छथरजोरपाटी २ धनकुटा | ०७१०३०/६३७ | २०६७/०५/१५ | धनकुटा |
| ३४ | जोरपाटी | भुपाल सिंजाली | ममता सिंजाली | सनमान सिंजाली | तांखुवा ९ धनकुटा | छथरजोरपाटी २ धनकुटा | ३५९ | २०६२/०३/०१ | धनकुटा |




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, साथ दिनेछ, पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाइ प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिनेछ। व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
व्यापारबाट यथेष्ट धन लाभको योग छ, बोलीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।